
# आयोगको विद्युतीय दरखास्त प्रणालीमार्फत आफ्नो दरखास्त पेश गर्न चाहनुहुने तपाईलाई स्वागत छ


कार्यालयमा उपस्थित नभएर पनि उम्मेदवारहरुले आयोगको वेवसाइट **www.ppsc.p5.gov.np** को दायाँपट्टि माथि राखिएको विद्युतीय दरखास्त प्रणालीको लिंकमा जोडिइ खुल्ने साइट वा विद्युतीय दरखास्त प्रणाली **http://ppsconline.p5.gov.np** मार्फत् पनि दरखास्त बुझाउन सकिनेछ। अनलाइन मार्फत् दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो फोटो, हस्ताक्षर र वैंक भौचर स्क्यान गरी अपलोड गर्नु पर्नेछ। साथै आयोगले तोके बमोजिमको दरखास्त फाराम, आवश्यक प्रमाणपत्र सहितका कागजात र वैंक भौचरको सक्कल प्रति संलग्न गरी लिखित परीक्षा मितिभन्दा कम्तीमा २ कार्य दिन अगावै यस आयोगको दरखास्त व्यवस्थापन शाखामा पेश गरी परीक्षा प्रवेश पत्र लिइसक्नु पर्नेछ। उम्मेदवारहरुले अनलाईन फाराम भर्दा आफ्नो व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। आयोगले उम्मेदवारलाई सोझै सम्पर्क गर्ने भएकोले विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरुले आफ्नै मोबाईल नम्बर उल्लेख गर्नुपर्नेछ।

१. आयोगको वेवसाइटको दायाँपट्टी माथि रहेको **Online Appcilcatin** मा Click गर्नुहोस ।




२. नयाँ उम्मेदवारले **Register as a new Candidate** मा Click गरी मागेको विवरण भरी Register गर्नुहोस वा पहिल्यै दर्ता भैसकेको उम्मेदवारहरुले **Username** र **Password** राखी log in गर्नुहोस ।








३. log in भै सकेपछि आउने Screen मा व्यक्तिगत विवरण Tab मा गई आफ्नो **व्यक्तिगत विवरण** शुद्धसंग भर्नुहोस ।




४. आफ्नो व्यक्तिगत विवरण शुद्धसंग भरीसके पछि तल रहेको **Save & Next** मा Click गरी अर्को सम्पर्क विवरणमा जानुहोस् र उक्त **सम्पर्क विवरण** पनि भरी अर्को **शिक्षा विवरणमा** जानुहोस् ।





५. शिक्षा विवरण भरिसके पछि तल रहेको **Add Education** मा **Click** गर्नुहोस । अब तपाईले भरेको शैक्षिक विवरण तल्लो खण्डमा देखिनेछ ।

अब तपाई यदि **उमेर नाघेका वहालवाला कर्मचारी** हो भने वाँया छेउमा रहेको **अनुभव सम्वन्धी विवरण**मा Click गरी आफ्नो अनुभव सम्वन्धी विवरण भर्नुहोस ।

अन्य उम्मेदवारहरुले सिधै **Add Education** मा Click गर्दै शिक्षा सम्वन्धी सवै विवरण भर्न सकिन्छ । शिक्षा सम्वन्धी विवरण भर्ने कार्य सकेपछि **Next** मा Click गर्नुहोस् ।




६. **फोटो र दस्तखत खण्डमा** गई **Category मा Photo** छनौट गरी उम्मेदवारको 300KB भन्दा सानो पासपोर्ट साइजको फोटो अपलोड गर्नुहोस, त्यस्तै गरी फेरी **Category मै Signature** छनौट गरी उम्मेदवारको 300KB भन्दा सानो साइजको दस्तखत अपलोड गरिसकेपछि Next गर्नुहोस् ।




७. **विज्ञापन खण्डमा** गई प्रकाशन भएका सवै विज्ञापनहरुको विवरण देखिन्छ । सो खण्डमा आफ्ले भर्न मिल्ने विज्ञापनको Show मा Click गरी उक्त विज्ञापनको कुन समूहमा दरखास्त दिन चाहनुहुन्छ सो मा **Check (Tick)** गर्नुहोस र **Add Advertise** मा Click गर्नुहोस् ।



विज्ञापन विवरण

| विज्ञापन कोड | श्रेणी/तह | पद | सेवा/समूह/उपसमूह | कुल संख्या | अन्तिम मिति | दस्तुर | दोब्बर दस्तुर अन्तिम मिति | थप दस्तुर | |
|---|---|---|---|---|---|---|---|---|---|
| ENG 52001-52004/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/हाइवे | 6 | 2077/07/18 | 600 | 2077/07/25 | 1200 | Show |
| ENG 52005-52007/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/जनरल | 4 | 2077/07/18 | 600 | 2077/07/25 | 1200 | Show |
| ENG 52008-52011/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/इरिगेशन | 6 | 2077/07/18 | 600 | 2077/07/25 | 1200 | Show |
| ENG 52012-52013/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/हाइड्रोपावर | 2 | 2077/07/18 | 600 | 2077/07/25 | 1200 | Show |

उम्मेदवारले छान्नु पर्ने विज्ञापन

| विज्ञापन नं. | परिक्षाको प्रकार | संख्या | दस्तुर | थप दस्तुर | छान्नुहोस |
|---|---|---|---|---|---|
| ENG 52001/2077-78 | खुला | 3 | 400 | 800 | ☑ |
| ENG 52002/2077-78 | महिला | 1 | 400 | 800 | ☐ |
| ENG 52003/2077-78 | आदिवासी/जनजाति | 1 | 400 | 800 | ☐ |
| ENG 52004/2077-78 | मधेसी | 1 | 400 | 800 | ☐ |

Add Advertise


Go to Verify Process

८. विज्ञापन भएका मध्ये आफूले भर्न मिल्ने कुनै विज्ञापनमा दरखास्त भरेपछि वा Check गरेपछि **Add Advertise** मा Click गर्नुहोस् ।




यस्तै तरिकाले **अन्य विज्ञापनमा** पनि दरखास्त भर्नु परेमा **माथिकै प्रकृया दोहोर्‍याउनुहोस्** ।

आफूले भर्न मिल्ने सबै विज्ञापनमा दरखास्त भरेको सुनिश्चित हुन **Go to verify Process** मा Click गर्नुहोस् ।



| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ENG 52012-52013/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/हाइड्रोपावर | 2077/07/18 | 2077/07/25 | 1000 | |
| | | ENG 52012/2077-78 | खुला | | | | Remove |
| HLT 51014-51016/2077-078 | अधिकृतस्तर सातौँ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | स्वास्थ्य सेवा/मैडिकल ल्याव टेक्नोलोजी/ | 2077/07/18 | 2077/07/25 | 1400 | |
| | | HLT 51014/2077-78 | खुला | | | | Remove |
| | | HLT 51016/2077-78 | आदिवासी/जनजाति | | | | Remove |

सम्बन्धित विज्ञापनका लागि शैक्षिक योग्यता

आवश्यक न्यूनतम शैक्षिक योग्यता * : MBBS, BE, MLT

Do you have minimum qualification? * : Yes

What is the Faculty of your minimum Qualification? *

विज्ञापन हुँदाका बखत उक्त पदको लागि तोकिएको न्युनत्तम शैक्षिक योग्यता, तालिम, उमेर लगायतका विवरणहरू झुठा ठहरिए प्रदेश सेवा आयोगको नियमानुसार दरखास्त फाराम जुनसुकै बेला रद्द हुनेछ ।

☑ I have read understand and agree to the terms and conditions of PPSC.

Save & Next

९. अब उम्मेदवारले भरेको दरखास्तहरुको पदको लागि आवश्यक पर्ने **न्यूनतम शैक्षिक योग्यताको** खण्ड आउछ । यसमा उम्मेदवारले मागे बमोजिमको विवरण भर्नु पर्नेछ ।



| परिक्षा आ.डी. | विज्ञापन कोड | श्रेणी/तह | पद | सेवा/समूह/उपसमूह | जम्मा दस्तुर |
|---|---|---|---|---|---|
| 1001 | HLT 51001-51007/2077-78 | अधिकृतस्तर आठौँ | मेडिकल अधिकृत | स्वास्थ्य सेवा/जनरल हेल्थ सर्भिसेज/ | 1400 |
| 1002 | ENG 52001-52004/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/हाइवे | 1000 |
| 1003 | ENG 52008-52011/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/इरिगेशन | 1000 |
| 1004 | ENG 52012-52013/2077-78 | अधिकृतस्तर सातौँ | इञ्जिनियर | इञ्जिनियरिङ्ग सेवा/सिभिल/हाइड्रोपावर | 1000 |
| 1005 | HLT 51014-51016/2077-078 | अधिकृतस्तर सातौँ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | स्वास्थ्य सेवा/मैडिकल ल्याव टेक्नोलोजी/ | 1400 |

बैंक तथा दस्तुर सम्बन्धी विवरण

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक

भौचर नं.: 12345645

बैंकमा जम्मा गरेको रकम: 5800

Remarks

बैंकको ठेगाना: Butwal

भौचर फाइल [Maximum file size is 300 KB with pdf format] * : Choose File 20201012_155751.jpg

☑ आयोगले तोके बमोजिमको दरखास्त फाराम, आवश्यक प्रमाणपत्र सहितका कागजात र वैंक भौचरको सक्कल प्रति लिखित परीक्षा मिति भन्दा २ कार्य दिन अगावै आयोगको दरखास्त व्यवस्थापन शाखामा रुजु गराई परीक्षा प्रवेश पत्र लिनेछु । मैले भरेको व्यक्तिगत विवरण, शैक्षिक योग्यता तथा अन्य सबै विवरण ठिक छ ।

१०. उम्मेदवारले भरेको दरखास्तहरुको विवरण, जम्मा दस्तुर लगायतका विवरणको खण्ड आउनेछ । यहाँ उम्मेदवारले दरखास्त दस्तुर बुझाएको वैंकको नाम छान्ने, भौचर नं., भुक्तानी रकम, वैंकको ठेगाना भर्ने साथै भौचरको स्क्यान प्रति अपलोड गरी Save गर्नुहोस् ।

धन्यवाद । प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको विज्ञापनमा दरखास्त भर्नु भएकोमा । यहाँको सफलताको कामना गर्दछौं ।